

# मतदाता को पर्चा
# नेपालीमा

## Oregon आम निर्वाचन
## नोभेम्बर 3, 2026

आधिकारिक प्रकाशन

*यो तपाईंको आधिकारिक 2026 आम निर्वाचन मतदाता परिचय-पुस्तिका हो। यसले तपाईंलाई हुलाक मार्फत मतदान गर्न मद्‌दत गर्ने उद्‌देश्य राखेको छ। अक्टोबर 14 देखि दर्ता भएका मतदाताहरू लाई मतपत्रहरू हुलाकबाट पठाइनेछ।*

*यस पर्चामा निर्वाचन को अन्तिम मिति, मतदाता दर्ता जानकारी, Oregon मतदाता को रूपमा तपाईँको अधिकार, उम्मेदवारको विवरण र मापनसम्बन्धी जानकारी समावेश छन्।*

Tobias Read
Oregon राज्य सचिव

**Oregon Secretary *of* State**
Elections Division

Oregon Secretary of State
Tobias Read

Oregon निर्वाचनहरूछन्: *सुरक्षित, सटीक, निष्पक्ष र* प्रभावकारी (*Secure, Accurate, Fair, and Efficient, SAFE*)।

मेरा Oregon वासी साथीहरू,

तपाईंको राज्य सचिवको रूपमा, मेरो पहिलो प्राथमिकता प्रत्येक योग्य Oregon वासीले स्वतन्त्र र निष्पक्ष निर्वाचनमार्फत आफ्नो सरकारलाई जवाफदेही बनाउने अधिकारको प्रयोग गर्न सकून् भन्ने सुनिश्चित गर्नु हो। यस वर्ष एक सूचित र तयार मतदाता बन्न तपाईंलाई के जान्न आवश्यक छ:

- **अहिले नै आफ्नो विकल्पहरूको अनुसन्धान सुरु गर्नुहोस्:** आफ्नो मतपत्र आइपुग्ने प्रतिक्षा नगर्नुहोस्।
- **आफ्नो मतपत्र सही तरिकाले भर्नुहोस्:** निर्देशनहरू ध्यान पूर्वक पढ्नुहोस् र आफ्नो छनोट पूर्ण रूपमा भर्नुहोस्।
- **आफ्नो मतपत्र खाममा हस्ताक्षर गर्नुहोस्:** तपाईँको हास्ताक्षेर तपाईँले मतदानका लागि दर्ता गर्दा वा DMV मा प्रयोग गर्नुभएको हास्ताक्षेर सँग मेल खानुपर्छ।
- **आफ्नो मतपत्र समयमै फिर्ता पठाउनुहोस्:** निर्वाचन दिनभन्दा कम्तीमा 7 दिन अघाडी हुलाकमा पठाउनुहोस्, वा अझ राम्रो, सुरक्षित ड्रप बक्सको प्रयोग गर्नुहोस् (आफ्नो नजिकको ड्रप बक्स पत्ता लगाउन oregonvotes.gov/dropbox मा जानुहोस्)। तपाईँ आफ्नो काउन्टीको कर्मचारी कार्यालय मा व्यक्तिगत रूपमा पनि मतदान गर्न सक्नुहुन्छ। मतपत्र हरूमा नोभेम्बर 3, 2026 बेलुका 8:00 बजेसम्ममा पोस्टमार्क लगाइसक्नु पर्नेछ।
- **आफ्नो मतपत्र oregonvotes.gov/myvote मा ट्र्याक गर्नुहोस्:** तपाईंको मतपत्र तपाईंसम्म जाँदै गर्दा, काउन्टी क्लर्कले प्राप्त गर्दा, र गणना गर्दाको अवस्था हेर्नुहोस्।

***निर्वाचन दिनभन्दा कम्तीमा 1 हप्ताअघि आफ्नो मतपत्र हुलाकमा पठाउनुहोस्***

*USPS मा ढिलाइ भएकाले, यदि तपाईंले निर्वाचनको दिनभन्दा कम्तिमा 7 दिन अघि आफ्नो मतपत्र हुलाकबाट पठाउनुभएको छैन भने, ड्रप बक्स प्रयोग गर्नुहोस् वा सिधै हुलाक कार्यालय गएर सङ्कलन बक्समा राख्नु अघि म्यानुअल पोष्टमार्क लगाउन भन्नुहोस्।*

**एकपटक तपाईंले आफ्नो मतपत्रमा मतदान गरिसके पछि, तपाईंले यसलाई गणना गर्ने प्रणालीलाई विश्वास गर्न सक्नुहुन्छ।** मतदाता नामावलीहरू दैनिक रूपमा अद्यावधिक र परिमार्जन गरिन्छ। मतदान-गणना गर्ने मेसिनहरू प्रमाणित हुन्छन्, लक गरिएका हुन्छन् र कहिल्यै इन्टरनेटमा जडान हुँदैनन्। काउन्टीहरूले प्रत्येक निर्वाचनअघि र पछि सार्वजनिक रूपमा उपकरणको परीक्षण गर्छन्। प्रत्येक कागजी मतपत्रमा एक अद्वितीय पहिचानकर्ता हुन्छ, जसले गर्दा कसैले पनि एकभन्दा बढी पटक मतदान गर्न सक्दैन, र हरेक हस्ताक्षर प्रमाणित गरिन्छ। यदि मतदाता को मनसायको बारेमा कहिल्यै प्रश्न उठ्यो भने, विभिन्न राजनीतिक दलका प्रशिक्षित समीक्षकहरूले नतिजामा सहमत हुनुपर्छ। र निर्वाचनपछि, सबै मतपत्रहरू काउन्टीहरूद्वारा संरक्षित गरिन्छ ताकि पछि तिनीहरूको लेखापरीक्षण गर्न सकियोस्। निर्वाचन अखण्डता यही हो, र यो हाम्रो प्रक्रियाको हरेक चरणमा समावेश गरिएको छ।

यदि तपाईंसँग Oregon निर्वाचनको बारेमा केही प्रश्नहरू छन् भने, विश्वसनीय स्रोतहरूमा भर पर्नुहोस्: राज्य सचिव (Secretary of State) को कार्यालय (oregonvotes.gov) वा तपाईंको काउन्टीको कर्मचारी (oregonvotes.gov/counties)।

परिणामहरूलाई पछ्याउनुहोस्: अनौपचारिक नतिजाहरू पोस्ट हुन सुरु हुनेछन्: results.oregonvotes.gov मा नोभेम्बर 3, 2026 को राति 8:00 बजेपछि तुरुन्तै पोस्ट हुन सुरु हुनेछ। यदि परिणामहरू अन्तिम रूप धारण गर्न समय लाग्यो भने, त्यो कारण निर्वाचन अधिकारीहरूले Oregon वासीहरूले पाउनै पर्ने सटीक परिणामहरू दिन काम गरिरहेका छन्। परिणामहरू आधिकारिक हुन र निर्वाचन प्रमाणित हुनको लागि अन्तिम म्याद डिसेम्बर 10, 2026 हो।

तयार रहनुहोस्। जानकार रहनुहोस्। मतदान।

भवदीय,



**Tobias Read**

Oregon राज्य सचिव

तपाईंको मतपत्रको बारेमा प्रश्न वा चिन्ता? 1-866-ORE-VOTE मा कल गर्नुहोस् वा oregonvotes.gov/counties मा तपाईंको स्थानीय काउन्टी क्लर्कलाई सम्पर्क गर्नुहोस्।

Oregon Secretary of State: Elections Division | 255 Capitol St NE, Suite 126 Salem, Oregon 97310 | (503) 986-1518

# मतदाता पुस्तिकाका अनुवादहरू

## मतदानलाई सुलभ बनाउने

*ORS 251.026, ORS 251.167, ORS 251.170, ORS 251.173 र ORS 251.315*

2021 मा, Oregon विधायी ले मतदाता भाषा पहुँच बिल (HB 3021) पारित गर्‍यो जसमा राज्य सचिव (Secretary of State) लाई राज्य र काउन्टी मतदाताको पर्चा का केही भाग हरू Oregon को सबैभन्दा बढी बोलिने भाषाहरूमा अनुवाद गर्न आवश्यक थियो। यो कानुनले अङ्ग्रेजीमा पूर्ण रूपमा दक्ष न भएकाहरूका लागि मतदानमा अवरोधहरू हटाउन खोजेको छ।

यस प्रयासमा सहयोग गर्न, अनुवाद सल्लाहकार परिषद् को स्थापना गरिएको थियो। Oregon का मतदाता हरू को जातीय, भाषिक र सांस्कृतिक विविधताको प्रतिनिधित्व गर्ने स्वयंसेवक समुदायका सदस्यहरू मिलेर परिषद बनेको छ। परिषदका सदस्यहरूले व्यावसायिक अनुवाद हरू सही छन् र सांस्कृतिक रूपमा उपयुक्त तरिकाले मौलिक स्वर र अर्थ कायम राख्छन् भनी सुनिश्चित गर्छन्।

राज्यको मतदाता जानकारी पुस्तिकाका छानिएका भागहरू अरबी, सरल र परम्परागत चिनियाँ अक्षरहरू, फारसी, फ्रान्सेली, जर्मन, इउ मिएन, जापानी, खमेर, कोरियाली, मार्शलिज, नेपाली, रुसी, सोमाली, स्पेनिस, तागालोग, थाई, युक्रेनी, र भियतनामी भाषामा उपलब्ध छन्।

अनुवाद सल्लाहकार परिषद् को बारेमा थप जान्नका लागि, कृपया Oregon.gov/languages मा जानुहोस्।

# मतपत्रसम्बन्धी निर्देशनहरू

## आफ्नो मतपत्र पूरा गर्नुहोस्

तपाईंको मतपत्रमा छापिएका निर्देशनहरू ध्यानपूर्वक पढ्नुहोस् र पालना गर्नुहोस्।

मतदान गर्न, आफ्नो छनौटको छेउको अण्डाकारलाई पूर्ण रूपमा भर्नुहोस्।





उम्मेदवारको नाम लेख्न:

- मतपत्रमा दिइएको खाली रेखामा उम्मेदवारको नाम स्पष्ट रूपमा लेख्नुहोस्।

  -र-

- तपाईंले लेख्नुभएको नामको छेउको अण्डाकार भर्नुहोस्।



## त्रुटिहरू जाँच गर्नुहोस्

तपाईंले सबै प्रतिस्पर्धाहरूमा मतदान गर्नै पर्दैन। तपाईंले मतदान गरेकाहरू अझै पनि गणना हुनेछन्।

मतपत्रमा निर्देशनहरूद्वारा निर्दिष्ट नगरिएसम्म, एउटा विकल्पको लागि मात्र मतदान गर्नुहोस्, नत्र तपाईंको मत त्यो उम्मेदवार वा प्रस्तावको लागि गणना हुनेछैन।

गल्ती गर्नुभयो? गलत अण्डाकार वा बाकसमा X चिह्न लगाउनुहोस्, त्यसपछि सही भर्नुहोस् र तपाईंको सही छनौट स्पष्ट छ भनी सुनिश्चित गर्नुहोस्।

**सुझाव: गल्ती सच्याउने चार तरिकाहरू**




---

## आफ्नो मतपत्र ध्यानपूर्वक जाँच गर्नुहोस्

मतपत्र फिर्ता गरेपछि तपाईं आफ्नो मत परिवर्तन गर्न सक्नुहुन्न।

यदि तपाईंलाई प्रतिस्थापन मतपत्र चाहिन्छ भने, आफ्नो काउन्टी निर्वाचन कार्यालय मा सम्पर्क गर्नुहोस्।




# आधिकारिक मतपत्र ड्रप बक्सहरूको प्रयोग

## आफैंलाई चिन्ताबाट बचाउनुहोस्: नपर्खनुहोस्, चाँडै मतदान गर्नुहोस्।

राज्य सचिवको (Secretary of State) कार्यालयले मतदाताहरूलाई आफ्ना विकल्पहरू बारे बेलैमा अध्ययन सुरु गर्न, मतपत्र प्राप्त हुनासाथ तुरुन्तै भर्न, र निर्वाचनको दिनसम्म आफ्नो मतपत्र काउन्टी निर्वाचन कार्यालयमा पुग्ने कुरा सुनिश्चित गर्न आधिकारिक मतपत्र ड्रप बक्सहरू प्रयोग गर्न जोडदार सिफारिस गर्दछ।

## Oregon को सुरक्षित ड्रपबक्सहरू प्रयोग गर्दै

पहिले, तपाईंले आफ्नो मतपत्र सही ढंगले भरेको सुनिश्चित गर्नुहोस्: निर्देशनहरू ध्यानपूर्वक पढ्नुहोस् र आफ्नो विकल्पहरू पूर्ण रूपमा भर्नुहोस्।

आफ्नो मतपत्र खाम मा हस्ताक्षर गर्नु: तपाईँको हास्ताक्षेर तपाईँले मतदानका लागि दर्ता गर्दा वा DMV मा प्रयोग गर्नुभएको हास्ताक्षेर सँग मेल खानुपर्छ।



आधिकारिक ड्रप बक्समा मतपत्र जम्मा गर्नु हुलाक ढिलाइबाट बच्ने उत्तम तरिका हो।

आफ्नो काउन्टी निर्वाचन वेबसाइटमा नजिकको मतपत्र ड्रप स्थल पत्ता लगाउनुहोस् वा oregonvotes.gov/dropbox मा जानुहोस्।

ड्रप बक्सहरू मतपत्र पठाइएको समयदेखि निर्वाचन दिनको राति 8 बजेसम्म 24/7 (दिनको 24 घण्टा, हप्ताको 7 दिन) उपलब्ध हुन्छन्।




तपाईँ आफ्नो काउन्टीको कर्मचारी कार्यालय मा व्यक्तिगत रूपमा पनि मतदान गर्न सक्नुहुन्छ। तिनीहरूको समयको लागि आफ्नो काउन्टी निर्वाचन वेबसाइट जाँच गर्नुहोस्।

काउन्टी क्लर्क कार्यालयहरू निर्वाचन दिनमा बिहान 7 बजेदेखि राति 8 बजेसम्म खुला रहन्छन्।



# निम्न बारे प्रश्नहरूको लागि:

- मतदानका लागि दर्ता गर्नुहोस्
- तपाईँको दर्ता अद्यावधिक गर्न
- निर्वाचन र मतदान
- आफ्नो मतपत्र भर्न
- आफ्नो मतपत्र फिर्ता गर्न
- अनुपस्थित मतपत्र हरू
- प्रतिस्थापन मतपत्र हरू
- हास्ताक्षेर आवश्यकता

आफ्नो काउन्टी निर्वाचन कार्यालयमा सम्पर्क गर्नुहोस्।

# निम्न कुरा गर्नु कानुन विरुद्ध हो:

- आफ्नो बाहेक अन्य मतपत्र फिर्ता खाममा हस्ताक्षर गर्नुहोस्
- निर्वाचन मा एक पटक भन्दा बढी मतदान गर्नु वा जालसाजी मतपत्र गर्नु
- यदि तपाइँ कानुनी रूपमा योग्य हुनुहुन्न भने मतपत्र द्वारा मतदान गर्नुहोस्
- अर्को मतदातालाई कुनै विशेष तरिकाले मतदान गर्नका लागी प्रभावित पार्ने
- अर्को मतदाता को मतपत्र बेच्ने, बेच्ने प्रस्ताव गर्ने, खरिद गर्ने वा खरिद गर्ने प्रस्ताव गर्ने
- मतदान केन्द्र वा आधिकारिक मतपत्र ड्रप साइट भएको भवनको प्रवेशद्वारमा अवरोध पुर्‍याउने
- अर्को मतदाता को मतपत्र, टाँसिएको निर्वाचन सूचना, वा निर्वाचन उपकरण वा आपूर्ति हरू बिगार्ने, हटाउने, परिवर्तन गर्ने वा नष्ट गर्ने
- आधिकारिक मतपत्र ड्रप साइट स्थलबाट 100 फिट भित्र मतदान गरिएको मतपत्र हरू सङ्कलन गर्ने प्रयास गर्दै
- "Not An Official Ballot Drop Site" (आधिकारिक मतपत्र ड्रप साइट होइन) भन्ने चिनो न टाँसी ड्रप साइट स्थापना गर्नुहोस्

*यो सूची सम्पूर्ण छैन। Oregon निर्वाचनको कानुन वा नियमहरू को कुनै पनि उल्लङ्घन नागरिक र/वा फौजदारी दण्डको अधीनमा हुनेछ।*

---

Oregon मा मतदानको बारेमा थप जानकारीको लागि वा यदि तपाईंलाई मतदाताको रूपमा आफ्नो अधिकार उल्लङ्घन भएको लाग्छ भने, कृपया राज्य सचिवलाई (Secretary of State) सम्पर्क गर्नुहोस्।

oregonvotes.gov

**1 866 673 8683**
*se habla español*

**TTY** **1 800 735 2900**
*श्रवणशक्ति कमजोर भएकाहरूका लागि*

# सम्झनुपर्ने मितिहरू




- **मङ्गलबार, अक्टोबर 13**

  यस निर्वाचन मा मतदानका लागि दर्ता गर्ने वा राजनीतिक दलको सम्बद्धता परिवर्तन गर्ने अन्तिम दिन।

- **बुधबार, अक्टोबर 14**

  काउन्टीहरू ले हुलाक मतपत्रहरू पठाउने पहिलो दिन।




- **मङ्गलबार, नोभेम्बर 3**

  **निर्वाचनको दिन**

  **मतपत्र फिर्ता गर्ने अन्तिम दिन।**

  यदि तपाईँले आफ्नो मतपत्र हुलाकबाट पठाउनुभयो भने, निर्वाचनको दिन को बेलुका 8 बजेसम्ममा USPS द्वारा पोस्टमार्क पक्कै लगाइएको हुनुपर्छ।

  रुचाइएको: निर्वाचनको दिन को बेलुका 8 बजेसम्ममा आफ्नो मतपत्र आधिकारिक ड्रप बक्स मा फिर्ता गर्नुहोस्।

---




**Oregonvotes.gov/myvote**

आफ्नो दर्ताको स्थिति जाँच गर्न वा अद्यावधिक गर्न र तपाईँको मतपत्र ट्र्याक गर्न यो अनलाइन उपकरण प्रयोग गर्नुहोस्।

# बारम्बार सोधिने प्रश्नहरू

## मैले कहाँ मतदान गर्ने?

Oregon मा, हामी हुलाकमार्फत गरिने मतदान गर्छौं। तपाईंले रोजेको जुनसुकै ठाउँबाट पनि मतदान गर्न सक्नुहुन्छ।

यदि तपाईं **अक्टोबर 13** सम्ममा मतदानका लागि दर्ता गर्नुहुन्छ भने, तपाईंको मतपत्र **अक्टोबर 14** देखि **अक्टोबर 20** सम्म पठाइनेछ। तपाईंको काउन्टी निर्वाचन कार्यालय ले तपाईंको मतदाताको दर्ता रेकर्ड मा रहेको ठेगानामा यसलाई पठाउनेछ।

यदि तपाईंले **अक्टोबर 30** सम्ममा आफ्नो मतपत्र प्राप्त गर्नुभएन भने, आफ्नो काउन्टी निर्वाचन कार्यालय मा कल गर्नुहोस्।

---

## यदि म बसाइँ सरेको छु भने के हुने छ?

मतपत्र हरू अघि पठाउन सकिँदैन। आफ्नो मतदाता मतपत्र प्राप्त गर्न, **oregonvotes.gov/myvote** मा आफ्नो मतदाता दर्ता जानकारी अद्यावधिक गर्नुहोस्।

यदि निर्वाचनको दिन को 5 दिनभन्दा कम समय बाँकी छ भने, आफ्नो मतपत्र कसरी प्राप्त गर्ने भन्ने बारे निर्देशनहरूको लागि आफ्नो काउन्टी निर्वाचन कार्यालय मा कल गर्नुहोस्।

---

## मैले कसरी मेरो मतपत्र चाँडै प्राप्त गर्न सक्छु?

यदि तपाईँ निर्वाचनको दिन आफ्नो घरबाट टाढा हुनुहुनेछ भने, **oregonvotes.gov/myvote** मा आफ्नो मतदाता दर्ता जानकारी अद्यावधिक गर्नुहोस्। अनुपस्थित मतपत्र अनुरोध गर्न, आफ्नो अनुपस्थित पत्राचार ठेगाना र तपाईँ त्यहाँ कति समय रहनुहुनेछ भन्ने कुरा प्रदान गर्नुहोस्।

---

## के मतदाता को पर्चा अन्य भाषाहरूमा अनुवाद गरिएको छ?

छ मतदाता को पर्चा का केही अंशहरू अनलाइन उपलब्ध छन्:

अरबी, सरलीकृत र परम्परागत चिनियाँ वर्ण हरू, फारसी, फ्रेन्च, जर्मन, इउ मियन, जापानी, खमेर, कोरियन, मार्शली, नेपाली, रुसी, सोमाली, स्पेनिश, तागालोग, थाई, युक्रेनी र भियतनामी।

तपाईँले यी अनुवाद हरू अनलाइनमा फेला पार्न सक्नुहुन्छ:
**oregonvotes.gov/voterspamphlet**.

---

## म मेरो मतपत्र कसरी पूरा गर्न सक्छु?

तपाईँको मतपत्रको प्याकेट मा मतपत्र कसरी भर्ने र फिर्ता गर्ने भन्ने बारे निर्देशनहरू पनि समावेश हुनेछन्। निर्देशनहरू पालना गर्नुहोस्!

---

## मेरो मतपत्र बिग्रियो भने के हुन्छ?

यदि तपाईँको मतपत्र हराएको छ, नष्ट भएको छ, वा तपाईँलाई मतदान गर्न बाट रोक्ने तरिकाले क्षतिग्रस्त भएको छ भने, आफ्नो काउन्टी निर्वाचन कार्यालय मा फोन गर्नुहोस् र प्रतिस्थापन मतपत्र को लागि सोध्नुहोस्।

---

## के मैले सबै कुरामा मतदान गर्नुपर्छ?

होइन। तपाईंको मतपत्र गणना गर्नका लागि तपाईंले सबै उम्मेदवार वा मापदण्डमा मतदान गर्न आवश्यक छैन।

---

## के म मतदान गर्ने तरिका परिवर्तन गर्न सक्छु?

यदि तपाईँले आफ्नो मतपत्र हुलाकबाट पठाउनुभएको छ वा बुझाउनुभएको छ भने, तपाईँको मतदान! परिवर्तन गर्न सकिँदैन। यदि तपाईँसँग अझै पनि तपाईँको मतपत्र छ भने, तपाईँको मतपत्र सँग पठाइएका निर्देशनहरू पालना गर्नुहोस्।

---

## मैले मेरो मतपत्र कसरी फिर्ता गर्न सक्छु?

अथवा आफ्नो मतपत्र कुनै पनि काउन्टी निर्वाचन कार्यालय वा आधिकारिक ड्रप बक्स मा फिर्ता गर्नुहोस्। तपाईँले **oregonvotes.gov/dropbox** मा वा आफ्नो काउन्टी निर्वाचन कार्यालय मा सम्पर्क गरेर नजिकको ड्रप बक्स र त्यहाँ पुग्न को लागि नक्सा पाउन सक्नुहुन्छ।

हुलाक शुल्क आवश्यक छैन। आफ्नो मतपत्रसँगै दिइएको फिर्ता खाम प्रयोग गर्नुहोस्।

आफ्नो घरको मेलबक्स, USPS ब्लू बक्स वा नजिकैको हुलाक कार्यालयबाट आफ्नो मतपत्र हुलाकमा पठाउनुहोस्।

पहिल्यै योजना बनाउनुहोस्: निर्वाचन दिनभन्दा कम्तीमा 1 हप्ताअघि आफ्नो मतपत्र हुलाकमा पठाउनुहोस्।

निर्वाचन दिन नजिक हुलाकमा पठाउँदै हुनुहुन्छ? आफ्नो मत गणना नहुने जोखिम नलिनुहोस्। निःशुल्क म्यानुअल हुलाक चिह्नको लागि USPS कार्यालयमा जानुहोस्।

निर्वाचनको दिन काउन्टी निर्वाचन कार्यालय-हरू बिहान 7 बजेदेखि बेलुका 8 बजेसम्म खुला रहन्छन्।

---

## के गोपनीयता खाम आवश्यक छ?

अहँ। यदि तपाईंले गोपनीयता खाम पाउनुभएको छ भने, चाहनुभएन भने तपाईंले यसलाई प्रयोग गर्नु पर्दैन।

यदि तपाईंले गोपनीयता खाम प्राप्त गर्नुभएको छैन भने, तपाईंको काउन्टी ती धेरै मध्ये एक हो जसले राज्य सचिव (Secretary of State) को कार्यालय द्वारा अनुमोदित अति रिक्त सुरक्षा सुविधा हरू मतपत्र फिर्ता खाम मा समावेश गरेको छ र त्यसैले अब खाम आवश्यक छैन।

---

## के मैले मेरो मतपत्र फिर्ता खाम मा हस्ताक्षर गर्नु पर्छ?

छ तपाइँको हास्ताक्षेर तपाइँको पहिचान मापन गर्न प्रयोग गरिने सुरक्षा उपाय हो। एक मात्र केवल तपाइँ आफ्नो मतपत्र फिर्ता खाम मा हस्ताक्षर गर्नु सक्ने व्यक्ति हुनुहुन्छ। मतदानमा पावर अफ अटर्नी कागजातहरू लागू हुँदैनन्।

यदि तपाईंले आफ्नो नाम को हस्ताक्षर गर्नु सक्नुहुन्न भने, थप जानकारीको लागि आफ्नो काउन्टी निर्वाचन कार्यालय मा सम्पर्क गर्नुहोस्।

मतपत्र फिर्ता खाम मा भएको हास्ताक्षेर तपाइँको मतदाताको दर्ता रेकर्ड मा भएको हस्ताक्षर सँग मेल खायो भने मात्र तपाइँको मतपत्र गणना गरिनेछ।

यदि तपाइँको हास्ताक्षेर मेल खाएन वा तपाइँले खाममा हस्ताक्षर गर्नु बिर्सनुभयो भने, काउन्टी ले तपाईंलाई सूचित गर्नेछ। तपाइँले नै खाममा हस्ताक्षर गर्नु भएको हो भनी प्रमाणित गर्न निर्वाचन पछि 21 दिनसम्मको समय हुनेछ।

---

## यदि मेरो नाम मतपत्र फिर्ता खाम मा छ भने, के मेरो मतदान साँच्चै गोप्य रहनेछ?

छ हास्ताक्षेर प्रमाणीकरण पछि, तपाइँको मतपत्र लाई मतपत्र फिर्ता खाम बाट अलग गरिन्छ र त्यसपछि यसलाई खोलेर समीक्षा गरिन्छ।

---

## के मेरो मतपत्र गणना भयो?

दर्ता भएका मतदाता को रूपमा, तपाईँले [oregonvotes.gov/myvote](oregonvotes.gov/myvote) मा अद्यावधिक गरिएको मतपत्र जानकारी हेर्न सक्नुहुन्छ। मतपत्र कहिले पठाइयो, कहिले प्राप्त भयो, वा डेलि भर गर्न नसकिने गरी फिर्ता गरियो कि गरिएन भनेर तपाईँले हेर्न सक्नुहुन्छ।

---

## निर्वाचनका नतिजाहरू कहिले थाहा हुन्छ?

प्रारम्भिक नतिजाहरू **नोभेम्बर 3, बेलुका 8 बजेदेखि** सार्वजनिक हुनेछ र निर्वाचन का रात र त्यसपछिका दिन हरू मा अद्यावधिक भइरहनेछ।

निर्वाचन का रात र निर्वाचनका नतिजाहरू प्रमाणित भएको मितिको बीचमा, [oregonvotes.gov](oregonvotes.gov) मा रिपोर्ट गरिएका अनौपचारिक नतिजाहरू मतदान गणना गर्दा परिवर्तन हुनेछन्।

निर्वाचन प्रमाणित नभएसम्म र मतदान को आधिकारिक सारांश प्रकाशित नभएसम्म नतिजाहरू अन्तिम मानिने छैन। अन्तिम प्रमाणित नतिजाहरू निर्वाचन भएको 37 दिन पछि उपलब्ध हुनेछ।

---

## के मलाई अस्थायी मतपत्र चाहिन्छ?

यदि तपाईँको मतदान गर्ने योग्यता निर्धारण गर्न सकिएन भने तपाईँलाई अस्थायी मतपत्र को लागि अनुरोध गर्ने अधिकार छ।

अस्थायी मतपत्र प्राप्त गर्न, आफ्नो काउन्टी निर्वाचन कार्यालय मा व्यक्तिगत रूपमा जानुहोस् र अस्थायी मतपत्र अनुरोध फारम भर्नुहोस्।

यदि तपाइँ मत गर्न योग्य पाउनुभयो भने मात्र तपाइँको अस्थायी मतपत्र गणना गरिनेछ।

---

## म कसरी उजुरी दर्ता गर्न सक्छु?

यदि तपाईंलाई Oregon निर्वाचनको कानुन उल्लङ्घन गरिएको विश्वास छ र तपाईं Oregon को दर्ता भएका मतदाता हुनुहुन्छ भने, तपाईंले निर्वाचको विभाग (Elections Division) लाई अनुसन्धान गर्न भन्न सक्नुहुन्छ। बेनामी अनुरोध हरू को छानबिन गरिने छैन।

तपाईंले "Get Involved" (समावेश हुनुहोस्) खण्ड अन्तर्गत oregonvotes.gov मा निर्वाचको विभाग (Elections Division) अनुसन्धानको लागि थप जानकारी पाउन र उजुरी पेस गर्न सक्नुहुन्छ।

# आफ्नो अधिकारका बारेमा जान्नुहोस्

### Oregon मतदाता को रूपमा तपाईँको अधिकारहरू:

- आधिकारिक मतपेटिका र निर्वाचनबाट स्थापित कार्यालय हरू मा हस्तक्षेप बिना पहुँच गर्ने अधिकार
- आफ्नो मतदान गोप्य राख्ने अधिकार
- धम्की वा दबाब बिना मत गर्ने अधिकार

### मतदातालाई धम्की मा निम्न कुराहरू समावेश हुन सक्छ:

- आक्रामक वा उत्पीडनकारी प्रश्नहरू जस्तै तपाईँको मतदानको योग्यता मा हस्तक्षेप गर्ने, तपाईँलाई कुनै खास तरिकाले मतदान गर्न डराउने वा मतदान गर्ने अधिकार बाट डराउने उद्देश्यले तपाईँ मतदान गर्न योग्य हुनुहुन्छ कि हुनुहुन्न भन्ने बारे तपाईँको नागरिकता को स्थिति, आपराधिक रेकर्ड, बसोवास, अन्य व्यक्तिगत जानकारी, वा तपाईँ कसरी मतदान गर्ने भन्ने बारे प्रश्नहरू।
- तपाईँलाई मतदान गर्न बाट तर्साउन डिजाइन गरिएको मतदाता जालसाजी वा सम्बन्धित आपराधिक अभियोगहरूको बारेमा झूटा वा भ्रामक कथन वा आरोपहरू।
- मौखिक वा शारीरिक धम्कीहरू - चाहे स्पष्ट रूपमा वा निहित रूपमा दिइएका हुन् - जुन तपाईँलाई मतदान गर्न बाट रोक्न वा कुनै विशेष उम्मेदवार वा मापन को लागि मतदान गर्न वा गर्न बाध्य पार्ने उद्देश्यले गरिन्छ।
- तपाईँको मतदान गर्ने क्षमतामा जानाजानी बाधा पुर्‍याउने वा हस्तक्षेप गर्ने।
- मतदाता हरू लाई मतदान गर्न बाट रोक्न वा अवरोध पुर्‍याउने उद्देश्यले मतदाताहरूलाई पछ्याउने वा ट्र्याक गर्ने, लाइसेन्स प्लेटहरूको प्रतिलिपि बनाउने, भिडियो वा फोटो खिच्ने, आदि जस्ता विशिष्ट मतदाताहरू वा मतदाताहरूको समूहहरूको लक्षित निगरानी।

**सही मतदान जानकारीको लागि, वा मतदातालाई धम्की रिपोर्ट गर्न**

**1 866 673 8683**
*se habla español*

**TTY** **1 800 735 2900**
*श्रवणशक्ति कमजोर भएकाहरूका लागि*

# अपाङ्गता भएका मतदाताहरू

पहुँच योग्य मतदानको बारेमा थप विस्तृत जानकारीको लागि **आफ्नो** **[काउन्टी निर्वाचन कार्यालय](#)** मा सम्पर्क गर्नुहोस्।

---

## मैले मतदान गर्न सक्ने विभिन्न तरिकाहरू के-के हुन्?

- **पहुँच योग्य ढाँचाको मतपत्र**
  - तपाईं oregonvotes.gov/myvote मा गएर आफ्नै यन्त्र र सहायक प्रविधि प्रयोग गरी आफ्नो मतपत्रमा पहुँच प्राप्त गर्न सक्नुहुन्छ। त्यसपछि, आफ्नो छनौटहरू गर्नुहोस्, प्रिन्ट गर्नुहोस्, र काउन्टी निर्वाचन कार्यालयबाट प्राप्त मतपत्र फिर्ता खाममा मतपत्र फिर्ता गर्नुहोस्।
  - तपाईं निर्वाचन कार्यालयमा मतदान गर्नका लागि पहुँचयोग्य विकल्पहरूको बारेमा सोध्न आफ्नो काउन्टी निर्वाचन अधिकारी लाई पनि सम्पर्क गर्न सक्नुहुन्छ।
- **ठूलो अक्षरमा छापिएको मतपत्र**
- **मद्दत माग्नुहोस्**

---

## मलाई मेरो मतपत्र मा मतदान गर्न कसले मद्दत गर्न सक्छ?

→ **तपाईंको रोजगारदाता वा संघ बाहेक जो कोही**

तपाईंले साथी, परिवारको सदस्य वा अन्य विश्वसनीय व्यक्तिबाट सहयोग लिन सक्नुहुन्छ। Oregon कानुन अनुसार तपाईंले आफ्नो रोजगारदाता वा संघबाट मद्दत प्राप्त गर्न सक्नुहुन्न।

→ **काउन्टी मतदान सहायता टोली**

तपाईँले चिनेको कसैसँग मद्दत माग्नु पर्दैन। तपाईँको मतपत्र लाई गोप्य र स्वतन्त्र रूपमा मतदान गर्न मद्दत गर्न काउन्टी मतदान सहायता टोलीहरू उपलब्ध छन्।

---

## यदि म मेरो मतपत्र फिर्ता पठाउने खाम मा हस्ताक्षर गर्न सक्दैन भने के हुन्छ?

→ **तपाईँले आफ्नो हास्ताक्षेर को रूपमा हस्ताक्षरको स्ट्याम्प वा अन्य सूचक प्रयोग गर्न सक्नुहुन्छ**

आफ्नो मतपत्र खाम मा हस्ताक्षरको स्ट्याम्प वा चिनो प्रयोग गर्नु अघि तपाईँले मतदाता दर्ता कार्ड सँग हस्ताक्षरको स्ट्याम्प प्रमाणीकरण फारम भर्नुपर्छ।

---

## अन्य कुन-कुन पहुँचयोग्य स्रोतहरू उपलब्ध छन्?

→ **राज्य मतदाताको पर्चा**

यो oregonvotes.gov मा डिजिटल अडियो वा पहुँच योग्य पाठ मा उपलब्ध छ।

→ **सहज मतदान मार्गनिर्देशन**

अपाङ्गता अधिकार Oregon (Disability Rights Oregon) द्वारा उत्पादित र प्रिन्ट तथा पहुँचयोग्य HTML मा easyvotingguide.org मा उपलब्ध छ।

# आफ्नो अधिकारका बारेमा जान्नुहोस्

## तपाईँलाई अधिकार छ vote!

**यदि तपाईं US नागरिक हुनुहुन्छ, Oregon-मा बस्नुहुन्छ, 18 वर्ष को हुनुहुन्छ र मतदानका लागि दर्ता गर्नु भएको छ।**

- ➔ तपाईँलाई गोप्य मतदान को ***अधिकार छ।*** तपाईँले कसरी मतदान गर्नुभयो भनेर कसैलाई भन्नु पर्दैन।
- ➔ मतदानका लागि दर्ता नभएको भनिए पनि, तपाईँलाई "अस्थायी मतपत्र" प्राप्त गर्ने ***अधिकार छ।***
- ➔ यदि तपाईँले गल्ती गर्नुभयो भने नयाँ मतपत्र प्राप्त गर्ने ***अधिकार तपाईँलाई छ।***
- ➔ तपाईँले चाहनुभएको व्यक्तिलाई मत गर्ने ***अधिकार तपाईँलाई छ।*** यदि तपाईँलाई आफ्नो मतपत्र मा भएका विकल्पहरू मन पर्दैन भने तपाईं अरू कसैको नाम लेख्न सक्नु हुन्छ।
- ➔ तपाईँको मतपत्र मा रहेको कुनै पनि समस्या मा "yes" (हो) वा "no" (होइन) मत गर्ने ***अधिकार तपाईँलाई छ।***
- ➔ तपाईँको मतपत्र मा केही विकल्पहरू खाली छोड्ने ***अधिकार तपाईँलाई छ।*** तपाईँले चिनो लगाउनुहुने विकल्पहरू अझै पनि गणना हुनेछन्।
- ➔ तपाईँसँग सबै संघीय निर्वाचन हरू मा मतदान प्रणाली प्रयोग गर्ने ***अधिकार छ*** जसले अपाङ्गता भएका व्यक्तिहरूलाई निजी र स्वतन्त्र रूपमा मतदान गर्न समान रूपमा सम्भव बनाउँछ।
- ➔ तपाईँको मतपत्र, जसमा "अस्थायी मतपत्र" पनि समावेश छ, गणना को लागि स्वीकार गरियो कि गरिएन भनेर जान्न पाउने ***अधिकार तपाईँलाई छ।***
- ➔ यदि तपाईँलाई लाग्छ कि तपाईँको मतदानको अधिकार अस्वीकार गरिएको छ भने तपाईँसँग उजुरी दर्ता गर्ने ***अधिकार छ।***

- ➔ यदि तपाइँ निर्वाचनको दिन बेलुका 8 बजेसम्म लाइनमा हुनुहुन्छ भने तपाइँलाई मतपत्र मतदान गर्ने ***अधिकार छ***।
- ➔ तपाइँ मतदानका लागि दर्ता हुनुहुन्छ कि हुनुहुन्न भनेर जान्न पाउने ***अधिकार तपाइँलाई छ***।
- ➔ तपाईँलाई राजनीतिक दल को सदस्यको रूपमा दर्ता गर्ने वा नगर्ने भनेर छनौट गर्ने ***अधिकार छ***।
- ➔ तपाईँलाई हस्ताक्षरको स्ट्याम्प वा अन्य चिनो प्रयोग गर्ने ***अधिकार छ***, तर तपाईँले पहिले फारम भर्नुपर्छ। तपाईँको तर्फबाट कसैले पनि हस्ताक्षर गर्न सक्दैन।
- ➔ तपाईँलाई निर्वाचन कर्मचारी वा साथी वा परिवारको सदस्यबाट मद्दत माग्ने ***अधिकार छ***। केही व्यक्तिहरू छन् जसले तपाईँलाई मतदान गर्न मद्दत गर्न सक्दैनन्, उदाहरणका लागि, तपाईँको हाकिम वा संघ।
- ➔ तपाइँ घरविहीन भए पनि मत गर्ने ***अधिकार छ***।
- ➔ यदि तपाइँ कुनै अपराधको अभियोगमा दोषी ठहरिनुभएको छ तर हिरासतबाट रिहा हुनुभएको छ भने, तपाइँ प्रोबेशन वा प्यारोलमा भए पनि, *तपाइँलाई मत गर्ने* ***अधिकार छ***।
- ➔ यदि तपाईँसँग अभिभावक छ र तपाईँलाई आफ्नो मतपत्र पढ्न वा भर्न मद्दत चाहिन्छ भने पनि *तपाइँलाई मत गर्ने* ***अधिकार छ***।

## थप जानकारीको लागि

**1 866 673 8683**

*se habla español*

**TTY** **1 800 735 2900**

*श्रवणशक्ति कमजोर भएकाहरूका लागि*

*(Oregon संविधान , धारा 2 र 3; ORS अध्याय 137, 246, 247, र 254; हुलाकमार्फत गरिने मतदान; हेल्प अमेरिका भोट ऐक्ट अफ 2002; OAR 165-001-0090 र 165-007-0030)*

# पार्टी, उम्मेदवार र मापनसम्बन्धी जानकारी

## राजनीतिक दलका वक्तव्यहरू

आम निर्वाचनमा, एक राज्यव्यापी राजनीतिक दलले मतदाता पर्चाको वक्तव्य दायर गर्न सक्छ जसले यसको सिद्धान्तहरूको सफलता र यसको उम्मेद्वारहरूको निर्वाचनको पक्षमा तर्क गर्दछ। दलको वक्तव्यले अन्य राजनीतिक दल वा संगठनहरूको सिद्धान्त र उम्मेद्वारहरूको विरोध पनि गर्न सक्छ।

निम्न राजनीतिक दलहरूले **2026 को आम निर्वाचन** को लागि वक्तव्य पेश गरेनन्:

- Oregon को कुनै लेबल नभएको पार्टी (No Labels Party of Oregon)
- Oregon कार्यकारी परिवार पार्टी (Working Families Party of Oregon)

---

## उम्मेदवारहरू

Oregon विधान (ORS 254.155) ले राज्य सचिव (Secretary of State) लाई उम्मेदवार हरू को नाम मतपत्र मा कुन क्रममा देखा पर्नेछ भनेर निर्धारण गर्न वर्णमालाका अक्षरहरूको अनियमित क्रम पूरा गर्न आवश्यक छ।

**2026 को आम निर्वाचन** को लागि वर्णमाला हो:

S, K, B, G, P, I, W, Y, V, C, M, D, N, X, Z, J, E, H, T, O, Q, A, U, F, L, R

पर्चामा समावेश गरिएका उम्मेदवारको विवरण हरू लाई कार्यालय को प्रकार र स्थिति अनुसार छुट्याइएको छ र मतपत्र मा उम्मेदवार हरू को नाम छापिएको क्रममा उही क्रमबद्ध रूपमा व्यवस्थित गरिएको छ।

उम्मेद्वारहरूले दायर गरेका अनुवादित उम्मेद्वार वक्तव्यहरू, यदि कुनै छन् भने, यस पर्चामा फेला पार्न सकिन्छ। सबै सहभागी उम्मेद्वारहरूको पूर्ण पाठ अङ्ग्रेजी मतदाता पर्चामा मात्र उपलब्ध छ।

कथनहरू निम्न तरिकाले व्यवस्थित गरिएका छन्:

- मतपत्र क्रममा स्थिति अनुसार पक्षीय उम्मेदवारहरू
- मतपत्र क्रममा स्थिति अनुसार गैरपक्षीय उम्मेदवारहरू

राज्य मतदाताको पर्चा मा ठाउँको लागि उम्मेदवारहरू ले शुल्क तिर्छन्, वा शुल्क तिर्नु को सट्टा हास्ताक्षेर बुझाउँछन्। कानुनद्वारा आवश्यक पर्ने जानकारी - पेसा, पेशागत पृष्ठभूमि, शैक्षिक पृष्ठभूमि र पूर्व सरकारी अनुभवसँग सम्बन्धित – प्रत्येक उम्मेदवार ले सत्य हो भनेर प्रमाणित गरेको छ।

---

## अस्वीकरण

**उम्मेदवार, राजनीतिक दल, मतदाता हरू को सभा वा कुनै उपायको समर्थन वा विरोध गर्ने व्यक्तिले दिएको बयान वा तर्क मा दिइएको जानकारी को शुद्धता Oregon राज्यले मापन गरेको छैन।**

# मतदाता दर्ता जानकारी

---

## मतदानका लागि कसले दर्ता गर्न सक्छ?

दर्ता गर्न को लागि तपाईँ निम्न हुनुपर्छः:

- एक अमेरिकी नागरिक
- Oregon का निवासी
- कम्तीमा 16 वर्ष उमेरको

यदि तपाईँ 18 वर्ष पुग्नुभएको छैन भने, तपाईँको 18 औँ जन्मदिनमा वा पछि निर्वाचन नभएसम्म तपाईँले मतपत्र पाउनुहुने छैन।

---

## म कसरी मतदानका लागि दर्ता गर्न सक्छु?

मतदानका लागि दर्ता गर्नुहोस्

➔ **oregonvotes.gov/register**मा अनलाइन

➔ आफ्नो पूरा दर्ता कार्ड आफ्नो काउन्टी निर्वाचन कार्यालय मा हुलाकमार्फत पठाउनुहोस्।

➔ कुनै पनि काउन्टी निर्वाचन कार्यालय, राज्य सचिव (Secretary of State) को कार्यालय, र DMV जस्ता केही राज्य एजेन्सीहरूमा व्यक्तिगत रूपमा दर्ता कार्ड भरेर।

---

## के मैले मेरो दर्ता अद्यावधिक गर्न आवश्यक छ?

यदि तपाईँ बसाइँ सर्नुहुन्छ, आफ्नो नाम, हास्ताक्षेर वा पत्राचार ठेगाना परिवर्तन गर्नुहुन्छ, वा राजनीतिक दल परिवर्तन गर्न वा चयन गर्न चाहनुहुन्छ भने आफ्नो दर्ता अद्यावधिक गर्नुहोस्।

तपाईँले नयाँ जानकारी **oregonvotes.gov/myvote** मा अनलाइन वा आफ्नो काउन्टी निर्वाचन आधिकारिक लाई मतदाता दर्ता कार्ड भरेर फिर्ता गरेर प्रदान गर्न सक्नुहुन्छ।

---

### के मैले परिचयपत्र प्रदान गर्न आवश्यक छ?

यदि तपाईँसँग आफ्नो मान्य Oregon ड्राइभर इजाजतपत्र, अनुमतिपत्र वा परिचयपत्र नम्बर छ भने, तपाईँले यी मध्ये कुनै एउटा प्रदान गर्नुपर्छ।

यदि तपाईँसँग मान्य Oregon परिचयपत्र छैन भने, आफ्नो सामाजिक सुरक्षा नम्बरको अन्तिम चार प्रदान गर्नुहोस्।

यदि तपाईँसँग मान्य Oregon परिचयपत्र वा सामाजिक सुरक्षा नम्बर छैन भने तपाईँले **oregonvotes.gov** मा अनलाइन स्वीकार्य वैकल्पिक पहिचान को सूची पाउन सक्नुहुन्छ।

---

### दर्ता गर्ने अन्तिम मिति के हो?

**नोभेम्बर 3, 2026, सामान्य निर्वाचन** मा मतदान गर्न, तपाईंको पूरा भएको दर्ता कार्ड हुनुपर्छ:

→ **मङ्गलबार, अक्टोबर 13 सम्म** मा काउन्टी निर्वाचन कार्यालय वा मतदाता दर्ता एजेन्सी (जस्तै, DMV) मा डेलिभर गरिसक्नु पर्छ।

→ मङ्गलबार, **अक्टोबर** 13 सम्ममा हुलाकको छाप लागेको।

यदि तपाईँले अनलाइन मतदानका लागि दर्ता गर्नुभयो भने, तपाईँको दर्ता **अक्टोबर 13,** राति 11:59 बजे भित्र बुझाइ सक्नुपर्छ।

---

## के मैले राजनीतिक दल रोज्नुपर्छ?

होइन। यदि तपाईँले राजनीतिक दल चयन गर्नुभएन भने पनि, तपाईँले मत गर्न योग्य हुने प्रत्येक निर्वाचन को लागि मतपत्र प्राप्त गर्नुहुनेछ। प्राथमिक चुनावमा तपाईंको मतपत्रमा गैर-दलीय कार्यालयहरू र यदि कुनै मतपत्र मापनहरू छन् भने मात्र समावेश हुनेछ। सबै कार्यालय हरू तपाईँको सामान्य निर्वाचन मतपत्र मा देखा पर्नेछन्।

---

## ठेगाना गोपनीयता कार्यक्रम

ठेगाना गोपनीयता कार्यक्रम (Address Confidentiality Program, ACP) ले सहभागीहरूलाई कानुनी प्रतिस्थापन ठेगाना र मेल-फर्वार्डिङ सेवा प्रदान गर्छ। घरेलु हिंसा, यौन दुर्व्यवहार, पीछा, वा मानव बेचबिखनबाट पीडित हरू लाई उनीहरूको वास्तविक ठेगानाको सट्टा सार्वजनिक रेकर्डहरू मा प्रयोग गर्न को लागि वैकल्पिक ठेगाना प्रदान गरिन्छ।

यदि घरको ठेगाना सार्वजनिक रेकर्डको रूपमा उपलब्ध छ भने व्यक्तिगत वा पारिवारिक सुरक्षा खतरामा पर्न सक्ने व्यक्तिहरूले ठेगाना गोपनीयता कार्यक्रममा आवेदन दिएर गोपनीयता सुरक्षाको साथ मतदानका लागि दर्ता गर्नुहोस्

ठेगाना गोपनीयता कार्यक्रम मा आवेदन दिनको लागि, तपाईँले महान्यायाधिवक्ता द्वारा आवेदन सहायकको रूपमा तोकिएको उत्पीडित अधिवक्तासँग काम गर्नुपर्छ। थप जानकारीको लागि वा तपाईँको नजिकको आवेदन सहायक खोज्न को लागि **888-559-9090** मा कल गर्नुहोस् वा https://www.doj.state.or.us/acp. मा जानुहोस्।

ACP मा सहभागिताले मात्र कसैको सुरक्षा को ग्यारेन्टी गर्दैन। ACP कर्मचारीहरूले खतरा-मूल्याङ्कन वा सुरक्षा-योजना प्रदान गर्दैनन् र ACP कर्मचारीहरूलाई कानुनी सल्लाह प्रदान गर्न अनुमति छैन।




मतदानका लागि दर्ता गर्न वा आफ्नो दर्ता अद्यावधिक गर्न, आफ्नो मतदाता दर्ता कार्ड हुलाक मार्फत फिर्ता गर्नुहोस्, आफ्नो काउन्टी निर्वाचन कार्यालयमा बुझाउनुहोस्, वा अनलाइन मतदाता दर्ता स्रोत प्रयोग गर्नुहोस्: oregonvotes.gov/register।

# हस्ताक्षरहरू

## के तपाईंलाई थाहा छ?

- काउन्टी ले मतपत्र फिर्ता खाममा रहेको हस्ताक्षरलाई मतदाताको दर्ता अभिलेखमा रहेका हस्ताक्षरहरूसँग तुलना गर्छ। उनीहरूले प्रत्येक मतपत्रको प्रत्येक हस्ताक्षरको लागि यो गर्छन्।

- मतपत्रहरूमा हस्ताक्षर प्रमाणित गर्ने काउन्टी कर्मचारीहरूले हस्तलेखन विश्लेषणमा तालिम पाउँछन्।

- यदि तपाईंले आफ्नो मतपत्र खाममा हस्ताक्षर गर्न बिर्सनुभयो, वा तपाईंको हस्ताक्षर मेल खाएन भने, काउन्टीले तपाईंलाई सूचित गर्नेछ। तपाईंसँग निर्वाचन पछि 21 दिनसम्म यसलाई हस्ताक्षर गर्न वा यो तपाईंले नै हस्ताक्षर गरेको प्रमाणित गर्न समय हुनेछ।

# तपाईंको मतपत्र नोभेम्बर 3 को साँझ 8 बजे सम्म USPS हुलाक चिह्न सहित प्राप्त वा पठाइएको हुनुपर्छ।

आफ्नो मतपत्र हुलाकबाट पठाउँदै हुनुहुन्छ? स्ट्याम्प राख्नुहोस्!

यदि तपाईं आफ्नो मतपत्रसँगै आएको फिर्ता खाम प्रयोग गर्दै हुनुहुन्छ भने कुनै हुलाक शुल्क आवश्यक पर्दैन।

हुलाक कार्यालय नजिक हुनुहुन्न? आफ्नो मतपत्र कउन्टी निर्वाचन कार्यालय वा राज्यको कुनै पनि आधिकारिक ड्रप बक्समा (अर्को काउन्टीको लागि पनि!) फिर्ता गर्नुहोस्।

निर्वाचनको दिन काउन्टी निर्वाचन कार्यालय-हरू बिहान 7 बजेदेखि बेलुका 8 बजेसम्म खुला रहन्छन्।

नजिकको आधिकारिक ड्रप बक्स पत्ता लगाउन भ्रमण गर्नुहोस् वा कल गर्नुहोस्
oregonvotes.gov/dropbox

**1 866 673 8683**
*se habla español*

**TTY** **1 800 735 2900**
*श्रवणशक्ति कमजोर भएकाहरूका लागि*

# यदि तपाईं घरबाट टाढा हुनुहुन्छ भने आफ्नो दर्ता अद्यावधिक गर्नुहोस्

मेल फर्वार्डिङ मतपत्रमा लागू हुँदैन - हुलाक कार्यालयले तपाईंको मतपत्र अगाडि पठाउने छैन।

यदि तपाईं निर्वाचनको समयमा घरमा हुनुहुन्न भने **अनुपस्थित मतपत्र** माग गर्न सक्नुहुन्छ। यो मतपत्र काउन्टी निर्वाचन कार्यालय ले तपाईंले दिएको ठेगानामा पठाउनेछ।

### Oregon मा मतदान गर्ने बारे थप जानकारीका लागि

oregonvotes.gov

**1 866 673 8683**

*se habla español*

**TTY** **1 800 735 2900**

*श्रवणशक्ति कमजोर भएकाहरूका लागि*

# निर्वाचनका नतिजाहरू



नोभेम्बर 3, बेलुका 8 बजेदेखि सुरु हुने **अनौपचारिक निर्वाचनका नतिजाहरू हेर्नुहोस्।**

अनौपचारिक नतिजाहरू निर्वाचन का रात र त्यसपछिका दिन हरू मा अद्यावधिक भई रहनेछ। अन्तिम प्रमाणित नतिजाहरू डिसेम्बर 10 मा उपलब्ध हुनेछ।

निर्वाचन को रातदेखि निर्वाचनका नतिजाहरू प्रमाणित भएको मितिसम्म, मतदान गणना जारी रहँदा अनौपचारिक परिणामहरू परिवर्तन हुनेछन्।

अन्तिम प्रमाणित नतिजाहरू डिसेम्बर 10 मा उपलब्ध हुनेछ।



[results.oregonvotes.gov](results.oregonvotes.gov)

# ORESTAR

*Oregon निर्वाचन ट्र्याकिङ तथा रिपोर्टिङ प्रणाली* अभियान वित्त खुलासाका लागि विकसित गरिएको सुरक्षित, वेब-आधारित अनुप्रयोग हो, जसलाई उम्मेदवारी र राज्य मतदाता पुस्तिका फाइलिङ्का लागि परिष्कृत गरिएको छ।

**ORESTAR खोज्नुहोस्**

ORESTAR को सार्वजनिक खोज प्रयोग गरेर Oregon मा दर्ता भएका राजनीतिक समितिहरू, अभियान चन्दा तथा खर्च कारोबार, र राज्य कार्यालयका लागि उम्मेदवार फाइलिङहरूको बारेमा जानकारी पाउनुहोस्।

oregonvotes.gov

# Oregon, आफ्नो मतदानको गर्व देखाउनुहोस्!

Mount Hood देखि Cannon Beach र Wallowas सम्मका, निर्वाचनहरूले Oregon भरका समुदायमा फरक ल्याउँछ। यो पृष्ठ रङ्गाउनुहोस् र आफ्नो मतदान गर्व देखाउन #OregonVotes प्रयोग गरेर अनलाइन पोस्ट गर्नुहोस्!




## आफ्नै 'I voted' (मैले मतदान गरें) स्टिकरहरू डिजाइन गर्नुहोस्।

तपाईंको मत जस्तै, यसलाई आफ्नो बनाउनुहोस्!
कहाँबाट सुरु गर्ने निश्चित छैन? हामी तपाईंलाई पहिलो कुरामा सुरु गराउनेछौं!


I VOTED



# पार्टीगत उम्मेदवारहरू

## अमेरिकी सिनेटर (US Senator)

ORS 251.170 अनुसार, संघीय तथा राज्यव्यापी उम्मेदवारहरूलाई आफ्नै उम्मेदवारको वक्तव्यको अनुवाद पेश गर्ने विकल्प प्रदान गरिएको छ। सबै तर्क पेश गर्नेहरूले अनुवाद पेश गर्दैनन्। सबै उम्मेदवारका बयानहरू अंग्रेजीमा यहाँ उपलब्ध छन् oregonvotes.gov/VotersPamphlet

## अमेरिकी प्रतिनिधि 1st जिल्ला (US Representative)

ORS 251.170 अनुसार, संघीय तथा राज्यव्यापी उम्मेदवारहरूलाई आफ्नै उम्मेदवारको वक्तव्यको अनुवाद पेश गर्ने विकल्प प्रदान गरिएको छ। सबै तर्क पेश गर्नेहरूले अनुवाद पेश गर्दैनन्। सबै उम्मेदवारका बयानहरू अंग्रेजीमा यहाँ उपलब्ध छन् oregonvotes.gov/VotersPamphlet

## अमेरिकी प्रतिनिधि 2nd जिल्ला (US Representative)

ORS 251.170 अनुसार, संघीय तथा राज्यव्यापी उम्मेदवारहरूलाई आफ्नै उम्मेदवारको वक्तव्यको अनुवाद पेश गर्ने विकल्प प्रदान गरिएको छ। सबै तर्क पेश गर्नेहरूले अनुवाद पेश गर्दैनन्। सबै उम्मेदवारका बयानहरू अंग्रेजीमा यहाँ उपलब्ध छन् [oregonvotes.gov/VotersPamphlet](oregonvotes.gov/VotersPamphlet)

## अमेरिकी प्रतिनिधि 3rd जिल्ला (US Representative)

ORS 251.170 अनुसार, संघीय तथा राज्यव्यापी उम्मेदवारहरूलाई आफ्नै उम्मेदवारको वक्तव्यको अनुवाद पेश गर्ने विकल्प प्रदान गरिएको छ। सबै तर्क पेश गर्नेहरूले अनुवाद पेश गर्दैनन्। सबै उम्मेदवारका बयानहरू अंग्रेजीमा यहाँ उपलब्ध छन् oregonvotes.gov/VotersPamphlet

## अमेरिकी प्रतिनिधि 4th जिल्ला (US Representative)

ORS 251.170 अनुसार, संघीय तथा राज्यव्यापी उम्मेदवारहरूलाई आफ्नै उम्मेदवारको वक्तव्यको अनुवाद पेश गर्ने विकल्प प्रदान गरिएको छ। सबै तर्क पेश गर्नेहरूले अनुवाद पेश गर्दैनन्। सबै उम्मेदवारका बयानहरू अंग्रेजीमा यहाँ उपलब्ध छन् oregonvotes.gov/VotersPamphlet

## अमेरिकी प्रतिनिधि 5th जिल्ला (US Representative)

ORS 251.170 अनुसार, संघीय तथा राज्यव्यापी उम्मेदवारहरूलाई आफ्नै उम्मेदवारको वक्तव्यको अनुवाद पेश गर्ने विकल्प प्रदान गरिएको छ। सबै तर्क पेश गर्नेहरूले अनुवाद पेश गर्दैनन्। सबै उम्मेदवारका बयानहरू अंग्रेजीमा यहाँ उपलब्ध छन् oregonvotes.gov/VotersPamphlet

## अमेरिकी प्रतिनिधि 6th जिल्ला (US Representative)

ORS 251.170 अनुसार, संघीय तथा राज्यव्यापी उम्मेदवारहरूलाई आफ्नै उम्मेदवारको वक्तव्यको अनुवाद पेश गर्ने विकल्प प्रदान गरिएको छ। सबै तर्क पेश गर्नेहरूले अनुवाद पेश गर्दैनन्। सबै उम्मेदवारका बयानहरू अंग्रेजीमा यहाँ उपलब्ध छन् oregonvotes.gov/VotersPamphlet

## गभर्नर (Governor)

ORS 251.170 अनुसार, संघीय तथा राज्यव्यापी उम्मेदवारहरूलाई आफ्नै उम्मेदवारको वक्तव्यको अनुवाद पेश गर्ने विकल्प प्रदान गरिएको छ। सबै तर्क पेश गर्नेहरूले अनुवाद पेश गर्दैनन्। सबै उम्मेदवारका बयानहरू अंग्रेजीमा यहाँ उपलब्ध छन् oregonvotes.gov/VotersPamphlet